फलेवास नगरपालिका

# फलेवास नगर कार्यपालिकाको राजपत्र

खण्डः ८ संख्याः २ मितिः २०८२/१२/२७

**भाग-२**

**फलेवास नगर कार्यपालिका**

## बाल अधिकार संरक्षण, सम्वर्धन तथा प्रवर्धन सम्बन्धी एकीकृत कार्यविधि, २०८२

**कार्यपालिकाबाट स्वीकृत मितिः २०८२/१२/ २७**

**प्रस्तावनाः** नगरपालिकामा बालबालिकाको हक, हित तथा अधिकारको संरक्षण, सम्मान, संवर्द्धन, प्रवर्द्धन, प्रचलन तथा परिपूर्तिका लागि नेपालको संविधान तथा बालबालिकासम्बन्धी कानुनमा भएका व्यवस्थाहरूको प्रभावकारी कार्यान्वयन गर्न तथा गराउन, बाल बचाउ, बाल संरक्षण, बाल विकास र बाल सहभागिताका अधिकारलगायत बालबालिकाको सर्वोत्तम हित सुनिश्चित गरी बालमैत्री स्थानीय शासनको प्रवर्द्धन गर्न एकीकृत कार्यविधि निर्माण गर्नु वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२६ को उपधारा (१), बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६० को उपदफा (३) तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी फलेवास नगरपालिकाले यो कार्यविधि बनाएको छ।

### परिच्छेद -१
### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "बाल अधिकार संरक्षण, संवर्द्धन तथा प्रवर्द्धन सम्बन्धी एकीकृत कार्यविधि, २०८२" रहेकोछ।

(२) यो कार्यविधि तुरुन्त लागू हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा;-

(क) "नगरप्रमुख" भन्नाले फलेवास नगरपालिकाको प्रमुखलाई सम्झनु पर्छ।

(ख) "नगर उपप्रमुख" भन्नाले फलेवास नगरपालिकाको उपप्रमुखलाई सम्झनु पर्छ।

(ग) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले फलेवास नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतको रुपमा कार्यरत कर्मचारी सम्झनुपर्छ ।

(घ) "नगरपालिका" भन्नाले फलेवास नगरपालिका सम्झनु पर्दछ ।

(ङ) "ऐन" भन्नाले बालबालिकासम्बन्धी ऐन, २०७५ सम्झनु पर्छ।

(च) "नियमावली" भन्नाले बालबालिका सम्बन्धी नियमावली, २०७८ सम्झनु पर्छ।

(छ) "परिषद" भन्नाले ऐनको दफा ५९ बमोजिमको राष्ट्रिय बाल अधिकार परिषद् सम्झनु पर्छ।

(ज) "बालगृह" भन्नाले ऐनको दफा ५२ तथा नियमावलीको नियम ६२ बमोजिम स्थापना वा सञ्चालनमा रहेको र प्रचलित कानुनबमोजिम दर्ता भई परिषदबाट अनुमति प्राप्त संस्था, जसले विशेष संरक्षणको आवश्यकता भएका बालबालिकालाई वैकल्पिक हेरचाह तथा अस्थायी संरक्षण सेवा प्रदान गर्दछ, सम्झनु पर्छ ।

(झ) "बाल क्लब" वा "बाल संस्था" भन्नाले अठार वर्ष पूरा नगरेका बालबालिकाद्वारा ऐनको दफा १० तथा नियमावलीको नियम ३ बमोजिम स्थानीय तहमा दर्ता भएको संस्था सम्झनु पर्छ ।

(ञ) "बाल कोष" भन्नाले विशेष संरक्षणका आवश्यकता भएका बालबालिकाको तत्काल उद्धार, राहत, पुनर्स्थापना तथा क्षतिपूर्ति उपलब्ध गराउने उद्देश्यले यस कार्यविधिको दफा २० बमोजिम स्थापना गरिएको कोष सम्झनु पर्छ।

(ट) "बालबालिका" भन्नाले अठार वर्ष उमेर पूरा नगरेको व्यक्ति सम्झनु पर्छ।

(ठ) "बाल सञ्जाल" भन्नाले बाल क्लब वा बाल संस्थाहरुको सञ्जालको रुपमा स्थानीय तहमा दर्ता भएको सञ्जाल सम्झनु पर्छ ।

(ड) "मन्त्रालय" भन्नाले नेपाल सरकारको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय सम्झनु पर्छ।

(ढ) "बाल कल्याण अधिकारी" भन्नाले कार्यविधिको दफा ९ बमोजिम नियुक्त अधिकारी सम्झनु पर्छ ।

(ण) "विशेष संरक्षणका आवश्यकता भएका बालबालिका" भन्नाले ऐनको दफा ४८ बमोजिम यस कार्यविधिको अनुसूची -७ बमोजिमका बालबालिका सम्झनु पर्छ ।

(त) "समाजसेवी तथा बाल मनोविज्ञ" भन्नाले ऐनको दफा ६२ बमोजिम सूचीकृत वा नियुक्त व्यक्ति सम्झनु पर्छ ।

(थ) "समिति" भन्नाले नगरपालिकामा स्थापित नगर बाल अधिकार समिति सम्झनु पर्छ।

(द) "संस्था" भन्नाले बाल अधिकार संरक्षण, संवर्द्धन तथा प्रवर्धनका लागि प्रचलित कानुनबमोजिम दर्ता भई कार्यक्रम सञ्चालन गरिरहेका संघ, संस्था, संगठन, वा सञ्जाललाई जनाउँछ ।

(ध) "सेवा प्रदायक निकाय" भन्नाले बालबालिकासम्बन्धी सेवा प्रदान गर्ने सरकारी, गैरसरकारी तथा नीजि निकाय, विद्यालय, प्रहरी चौकी, अस्थायी संरक्षण सेवा केन्द्र, पुनःस्थापना केन्द्र, बालगृह, बाल सुधार गृह, बालबालिका खोजतलास सेवा र बाल हेल्पलाइन सेवा आदी सम्झनु पर्छ ।

(न) "अनाथ बालबालिका" भन्नाले प्रचलित कानुनबमोजिमका अनाथ बालबालिका सम्झनु पर्छ ।

## परिच्छेद -२
## उद्देश्य

३. **उद्देश्यः** यस कार्यविधिको उद्देश्य देहाय बमोजिम रहेको छः-

(क) नगरपालिकामा बालबालिका सम्बन्धी कानून र नीतिमा भएका व्यवस्थाहरु कार्यान्वयन गरी बाल अधिकारको संरक्षण, सम्मान, संवर्द्धन, प्रवर्द्धन, प्रचलन तथा परिपूर्ति गर्नु,

(ख) बालबालिकासँग सम्बन्धित योजना र कार्यक्रमहरुको कार्यसम्पादनमा सहजता ल्याउनु ।

## परिच्छेद -३
## बाल अधिकारको संरक्षण, सम्मान, संवर्द्धन, प्रवर्द्धन, प्रचलन तथा परिपूर्ति गर्ने दायित्व सम्बन्धी व्यवस्था

४. **बाल अधिकारको संरक्षणः** नगरपालिकाभित्रका बालबालिकाको अधिकारको संरक्षण, सम्मान, संवर्द्धन, प्रवर्द्धन, प्रचलन तथा परिपूर्ति ऐन, २०७५को दफा ६४ र ६५, बालबालिकाप्रतिको दायित्व सम्बन्धी दफा १७, १८ र १९ तथा बालबालिकाको कर्तव्यसम्बन्धी दफा ७७ बमोजिम पालना तथा कार्यान्वयन गरिनेछ ।

५. **बाल अधिकारको संरक्षण, सम्मान, संवर्द्धन तथा प्रवर्द्धनमा आवश्यक सेवा प्रवाहको व्यवस्थाः** बाल अधिकारको संरक्षण, सम्मान, संवर्द्धन तथा प्रवर्द्धन गर्नका लागि देहायबमोजिम सेवा प्रवाहको व्यवस्था गरिनेछः-

(क) नगरपालिकाभित्रका बालबालिकाको जन्मदर्ता तथा नागरिकता प्रमाणपत्र प्राप्त गर्ने अधिकार सुनिश्चित गर्न सरल र उपयुक्त उपायहरू अवलम्बन गरिनेछ ।

(ख) नवजात शिशु, शिशु तथा बालबालिकाका लागि आवश्यक खोप, स्वास्थ्य सेवा, पोषणसम्बन्धी सेवा-सुविधा तथा बालमैत्री भौतिक पूर्वाधार, उपकरण र औषधिहरू उपलब्ध गराई सेवा प्रवाहलाई प्रभावकारी तथा बालमैत्री बनाउन नियमित अनुगमन गरिनेछ ।

(ग) प्रत्येक विद्यालयमा बालमैत्री भौतिक संरचना (सुरक्षित घेराबार, बेन्च-डेस्क, उज्यालो र हावायुक्त कक्षाकोठा) को व्यवस्था गरिनेछ।साथै कुनै पनि किसिमका विभेद, अवहेलना, हेपाइ, हिंसा, दुर्व्यवहार तथा अस्वस्थ खानाको प्रयोग निषेध गरिनेछ। लैङ्गिकमैत्री तथा अपाङ्गतामैत्री शौचालय,

सुरक्षित खानेपानी, सरसफाइ, महिनावारी व्यवस्थापन सामग्री, प्रारम्भिक उपचार सामग्री, पहुँचयोग्य संरचना, बालमैत्री पठन-पाठन, खेलमैदान तथा खेलकूद सामग्रीको व्यवस्था गरिनेछ ।

(घ) नगरपालिकाभित्रका सबै बालबालिकालाई प्रारम्भिक बालविकास केन्द्र तथा विद्यालयमा भर्ना गरिने व्यवस्था मिलाइनेछ ।

(ङ) प्रत्येक विद्यालयमा प्रदान गरिने छात्रवृत्तिहरूको अनुगमन, मूल्याङ्क तथा समीक्षा गरिनेछ ।

(च) प्रत्येक वडामा कम्तीमा एक बाल पुस्तकालय, बाल सिर्जना केन्द्र तथा खेलकुदको व्यवस्था गरिनेछ।

(छ) कुनै पनि विद्यालयको दुई सय मिटरको दुरीभित्र मदिरा, चुरोट तथा सूर्तीजन्य पदार्थको बिक्री-वितरण तथा उपभोग निषेध गरिनेछ। साथै, अठार वर्षभन्दा कम उमेरका बालबालिकालाई यस्ता सामग्रीको प्रयोग तथा वितरण गर्न नपाइने व्यवस्था गरिनेछ ।

(ज) प्रत्येक विद्यालयमा बाल संरक्षण मापदण्ड तयार गरी सबैले देख्ने स्थानमा राखिनेछ र सोहीबमोजिम कार्यान्वयन गरिनेछ ।

(झ) बालबालिकाविरूद्ध हुने शोषण, हिंसा, दुर्व्यवहार, हेपाइ, अपहेलना, बालविवाह तथा बाल श्रमको रोकथाम र अन्त्यका लागि तथा बाबुआमा विहीन एवम् विशेष संरक्षण आवश्यकता भएका बालबालिकाको संरक्षण सुनिश्चित गर्न बाल संरक्षण मापदण्ड लागू गर्न सहजीकरण गरिनेछ।

(ञ) बालबालिकाविरुद्धको हिंसामा परेका तथा विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको तत्काल उद्धार, संरक्षण तथा राहत व्यवस्थापनका लागि बाल हेल्पलाइन सेवा (निःशुल्क टेलिफोन नं. सेवा १०९८-दश नौ आठ) तथा बालबालिका खोजतलास सेवा (निःशुल्क टेलिफोन नं. सेवा १०४) सँग समन्वय तथा सहकार्य गरिनेछ।

(ट) नगरपालिकाभित्रका बालबालिकासम्बन्धी जनसांख्यिक, जातीय, लैङ्गिक, अपाङ्गता, शैक्षिक, , स्वास्थ्य, पोषण, सामाजिक सुरक्षा तथा जोखिम अवस्थासम्बन्धी खण्डीकृत तथ्याङ्क संकलन, अभिलेखीकरण तथा समय-समयमा सार्वजनिक गरिनेछ।

(ठ) जनप्रतिनिधि तथा कर्मचारीहरूलाई बाल अधिकार, बालमैत्री व्यवहार तथा बाल संवेदनशील शासनसम्बन्धी तालिम प्रदान गरिनेछ।

(ड) नगरपालिकाको आवधिक तथा वार्षिक योजना तर्जुमा प्रक्रियामा अर्थपूर्ण बाल सहभागितालाई सुनिश्चित बालसम्बन्धी कार्यक्रमलाई प्राथमिकताका साथ समावेश गरिनेछ।

(ढ) सङ्कलित तथ्याङ्कको आधारमा बालबालिकाको अवस्थाको विश्लेषण गरी आवश्यक संरक्षण तथा व्यवस्थापका कार्यक्रम सञ्चालन गरिनेछ ।

६. **बालबालिकाको सर्वोत्तम हित कायम गर्नुपर्नेः** नगरपालिकाका प्रत्येक निकाय, बाल कल्याण अधिकारी, समाजसेवी तथा बाल मनोविज्ञ, सामाजिक संघ संस्था तथा सेवा प्रदायक निकायहरुले बालबालिकासम्बन्धी कार्य गर्दा बालबालिकाको सर्वोत्तम तथा उच्चतम हितलाई प्राथमिकता दिनुपर्नेछ।

७. **बालमैत्री तथा अपाङ्गतामैत्री संरचना तथा अभ्यासको सुनिश्चितताः** (१) बालबालिका रहने वा बालबालिकालाई सेवा प्रदान गर्ने नगरपालिकाभित्रका सबै सार्वजनिक निकाय, सामाजिक संघ संस्था तथा

निजी संस्थाले भौतिक संरचना निर्माण वा मर्मतसम्भार गर्दा बालमैत्री तथा अपाङ्गतामैत्री हुने गरी निर्माण गरिने व्यवस्था हुनेछ।

८. **<u>बालबालिकाको वैकल्पिक हेरचाहको व्यवस्थाः</u>** (१) नगरपालिकाभित्र फेला परेका तथा विशेष संरक्षण आवश्यक भएका बालबालिकामध्ये ऐनको दफा ४८ को उपदफा (१) को खण्ड (क), (ख), (ग), (घ), (ङ), (च) र (छ) बमोजिमका बालबालिकालाई वैकल्पिक हेरचाहको व्यवस्था गर्दा यस्ता बालबालिकालाई सर्वोत्तम हित हुने गरी संरक्षण गर्ने प्रयोजनका लागि ऐनको दफा ४९ उपदफा (२) को खण्ड (क), (ख), (ग) र (घ) बमोजिमको प्राथमिकता तथा नियमावलीको नियम ५३ देखि ६७ सम्मको व्यवस्थाबमोजिम गरिनेछ ।

## परिच्छेद -४
## बाल कल्याण अधिकारीको नियुक्ति तथा समाजसेवी एवम् बाल मनोविज्ञ सूचीकरणसम्बन्धी व्यवस्था

९. **<u>बाल कल्याण अधिकारीको नियुक्तिः</u>** (१) ऐनको दफा ६१ तथा नियमावलीको नियम ८१ बमोजिम एक जना बाल कल्याण अधिकारीको नियुक्ति गरिनेछ वा नगरपालिकाको महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा प्रमुखलाई बालकल्याण अधिकारी तोक्न सकिनेछ।

१०. **<u>बाल कल्याण अधिकारीको काम, कर्तव्य र अधिकारः</u>** (१) बाल कल्याण अधिकारीको काम, कर्तव्य र अधिकार ऐनको दफा ६१को उपदफा (१), नियमावलीको नियम ८२ तथा ऐन र नियमावलीमा अन्यत्र उल्लिखित व्यवस्थाबमोजिम हुनेछ ।

११. **<u>समाजसेवी तथा बाल मनोविज्ञको सूचीकरण तथा नियुक्तिः</u>** (१)समाजसेवी तथा बाल मनोविज्ञको सूचीकरण तथा नियुक्ति ऐनको दफा ६२ तथा नियमावलीको नियम ८३ बमोजिम हुनेछ ।

(२) उपदफा १ बमोजिम सूचीकरण तथा नियुक्ति नभएको अवस्थामा नगरपालिकामा कार्यरत मनोसामाजिक परामर्शकर्तालाई उक्त जिम्मेवारी तोक्न सकिनेछ।

## परिच्छेद -५
## वैकल्पिक हेरचाहको व्यवस्था

१२. **<u>वैकल्पिक हेरचाहको व्यवस्थाः</u>** (१) ऐनको दफा ४९ बमोजिम तथा ऐनकै दफा ४८ को उपदफा (१) का खण्ड (क), (ख), (ग), (घ), (ङ), (च) र (छ) बमोजिम विशेष संरक्षण आवश्यकता भएका तथा वैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिकाको तत्काल उद्धार तथा संरक्षण गर्न आवश्यक देखिएमा, साथै ऐनको दफा ६९ बमोजिमको अस्थायी संरक्षण सेवाको प्रबन्ध गर्नुपर्ने भएमा बाल कल्याण अधिकारीले वैकल्पिक हेरचाहको व्यवस्था मिलाउनु पर्नेछ।

(२)उपदफा (१) बमोजिम वैकल्पिक हेरचाहको व्यवस्था गर्दा बाल कल्याण अधिकारीले नियमावलीको परिच्छेद -६ बमोजिम मिलाउनु पर्नेछ ।

## परिच्छेद - ६
## बाल सहभागिता तथा बाल क्लब, बाल सञ्जाल र बाल संस्था सञ्चालन

१३. **<u>बाल सहभागिताको अभ्यासः</u>** (१) आफ्नो धारणा बनाउन सक्षम भएका बालबालिकालाई उनीहरूलाई असर पार्ने विषयमा परिवार, समुदाय, विद्यालय तथा सार्वजनिक निकायबाट सञ्चालन गरिने कार्यहरूको प्रक्रियामा सहभागी गराई बाल सहभागिताको अभ्यास प्रवर्द्धन गरिनेछ। आवधिक तथा वार्षिक योजना तर्जुमा लगायत बालबालिकासँग सम्बन्धित कार्यक्रमहरूमा सबै अवस्थाका बालबालिका (बालक, बालिका, अपाङ्गता भएमा, लैङ्गिक तथा यौनिक अल्पसंख्यक आदि)को सहभागिता सुनिश्चित गरिनेछ।

(२)बाल सहभागिता प्रवर्धनका लागि देहायका उपायहरू अवलम्वन गरिनेछः

(क) बालबालिकासँग सम्बन्धित सरोकारका विषयमा कानुनले निषेध गरेको बाहेक माग गरिएका सूचना निःशुल्क उपलब्ध गराइनेछ।

(ख) विद्यालय तथा वडा स्तरमा खेलकूद, साहित्य, संगीत, वक्तृत्वकला, चित्रकला, सांस्कृतिक कार्यक्रम आदि आयोजना गरी बाल सहभागिता प्रोत्साहन गरिनेछ ।

(३)बाल सहभागिता प्रवर्धनका नाममा देहायका कार्यहरू गर्न निषेध गरिनेछः-

(क) बालबालिकाको अध्ययनमा बाधा तथा अवरोध पर्ने गरी कार्यक्रम सञ्चालन वा सहभागीता गराउने,

(ख) बालबालिकाको समग्र विकासमा असर पर्ने गतिविधिमा संलग्न गराउने,

(ग) बालहितविपरीत र्‍याली, जुलुस, सभा आदिमा सहभागी गराउन,

(घ) विद्यालय लगायतका सरकारी निकाय वा गैरसरकारी संस्थाले कानून वा विधान बमोजिम आफूले गर्नुपर्ने काम बालबालिका वा बाल क्लब वा संस्था वा तिनको सञ्जाल मार्फत गराउने।

१४.**<u>बाल क्लव वा संस्था दर्ता, सञ्चालन तथा नवीकरण, काम र कर्तव्य सम्बन्धी व्यवस्था हरुः</u>**

(१) बालबालिकाले आफ्नो हक, हित संरक्षण तथा क्षमता विकासका लागि बाल क्लब गठन गर्न सक्नेछन्। यस्तो क्लब विद्यालय, वडा तथा पालिका स्तरमा गठन गर्न सकिनेछ।

(२) बाल क्लबमा नौ देखि पन्ध्र जनासम्मको कार्यसमिति रहने छ र अठार वर्षमुनिका बालबालिका मात्र योग्य हुन सक्नेछन।समितिमा लैंगिक तथा समावेशी प्रतिनिधित्व अनिवार्य हुनेछ।

**(३)** बाल क्लब गठन भएपछि नगरपालिकामा अनुसूची-१ बमोजिमको ढाँचामा बाल क्लब दर्ताको लागि निवेदन पेश दिनु पर्नेछ ।

(४) नगरपालिकाले निवेदन जाँचबुझ गरी चित्त बुझेमा अनुसूची २ बमोजिमको ढाँचामा बाल क्लब दर्ताको प्रमाणपत्र दिनेछ।

(५) उपदफा ४ बमोजिम दर्ता भएको बालक्लबले प्रत्येक वर्ष आफ्नो कार्यविवरण बुझाई अनुसूची ३ बमोजिमको ढाँचामा नगरपालिकामा नवीकरणका लागि निवेदन दिनु पर्नेछ।

(६) नयाँ दर्ता भएका बालक्लबहरुको विवरण नगरपालिकाले अनुसूची ४ बमोजिमको ढाँचामा अभिलेख राख्नु पर्नेछ।

(७) नविकरण गरिएको बालक्लबहरुको विवरण नगरपालिकाले अनुसूची ५ बमोजिमको ढाँचामा अभिलेख राख्नु पर्नेछ।

(८) बाल क्लबको काम, कर्तव्य र अधिकारः

- बाल अधिकारबारे सचेतना फैलाउने,
- स्थानीय योजना तर्जुमा प्रक्रियामा बालबालिकाका सवालहरू उठाउने,
- बालबालिका विरुद्ध हुने हिंसा वा शोषणसम्बन्धी सूचना सम्बन्धित निकायलाई दिने।

(९) बाल क्लबको संचालन तथा कोषः बाल क्लबले आफ्नो गतिविधि सञ्चालन गर्न स्थानीय तह वा अन्य संस्थाबाट प्राप्त सहयोगको परिचालन गर्न सक्नेछन्। क्लबको एउटा छुट्टै कोष रहनेछ, जसको हरहिसाब पारदर्शी हुनु पर्नेछ।

(१०)संस्थाको रूपमा दर्ता हुन सक्नेः यदि कुनै बाल क्लबले अझ ठूलो स्तरमा वा कानुनी संस्थाको रूपमा काम गर्न चाहेमा प्रचलित कानुन बमोजिम संस्था दर्ता ऐन अनुसार पनि दर्ता हुन सक्ने छ।

(११)बाल क्लब वा संस्थाको खारेजीः यदि कुनै बाल क्लबले उद्देश्य विपरित काम गरेमा वा कार्यविधिको उल्लंघन गरेमा नगरपालिकाले त्यस्तो क्लबको दर्ता खारेज गर्न सक्ने छ।

## परिच्छेद -७
## नगर बाल अधिकार समिति सम्बन्धी व्यवस्था

१५. **नगर बाल अधिकार समितिको गठनः** ऐनको दफा ६० को उपदफा (२) बमोजिम नगरपालिकामा नगरपालिकाका उपमेयर वा नगरपालिकाको उपमेयरले तोकेको कार्यपालिकाको सदस्यको अध्यक्षतामा नगर बाल अधिकार समिति रहनेछ। नगर बाल अधिकार समितिमा रहने सदस्य संख्या र त्यस्तो समितिको काम, कर्तव्य र अधिकार तथा बैठक सम्बन्धी कार्यविधि देहायबमोजिम हुनेछः-

**नगर बाल अधिकार समिति**

(क) नगर उपप्रमुख -अध्यक्ष
(ख) प्रमुख प्रशासकीय अधिकृत -सदस्य
(ग) सामाजिक बिकास समितिको संयोजक -सदस्य
(घ) नगरपालिकाले तोकेको महिला वडा सदस्य सहित २ जना वडा सदस्य -सदस्य
(ङ) नगरपालिकाले तोकेको माध्यमिक विद्यालयका प्रधानाध्यापकमध्ये १ जना -सदस्य
(च) नगरपालिकाले तोकेको बाल अधिकार सम्पर्क शिक्षकमध्ये १ जना -सदस्य
(छ) नगरपालिकाले तोकेको सूचीकृत समाजसेवी वा सामाजिक कार्यकर्ता वा बाल मनोविज्ञ वा बाल विशेषज्ञमध्ये १ जना -सदस्य
(ज) नगरपालिकाको शिक्षा शाखा प्रमुख र स्वास्थ्य शाखा प्रमुख गरी २ जना -सदस्य
(झ) नगरपालिका स्तरीय बाल सञ्जालले तोकेको १ जना बालिका सहित २ जना -सदस्य
(ञ) बाल अधिकार, बाल संरक्षण वा बाल न्यायका क्षेत्रमा कार्य गरेका व्यक्ति

वा संस्थामध्येबाट नगरपालिकाले मनोनयन गरेका कम्तीमा १ जना महिला सहित २ जना -सदस्य

(ट) प्रहरी चौकी प्रमुख, नेपाल प्रहरी -सदस्य

(ठ) नगरपालिकाभित्रका अस्पताल वा स्वास्थ्य संस्थामध्ये स्थानीय तहले मनोनयन गरेका एकजना प्रतिनिधि -सदस्य

(ड) बाल कल्याण अधिकारी -सदस्य–सचिव

१६. **नगर बाल अधिकार समितिको काम, कर्तव्य र अधिकारः** (१) नगर बाल अधिकारी समितिको काम, कर्तव्य र अधिकार ऐन तथा नियमावलीमा उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त देहाय बमोजिम हुनेछः-

(क) समितिको दीर्घकालीन नीति, योजना र वार्षिक कार्यक्रम तथा बजेट स्वीकृत गर्ने,

(ख) बाल अधिकार सम्बन्धी आवश्यक नगरपालिका नीति, कानुन, योजना, कार्यक्रम र संस्थागत संयन्त्रको व्यवस्था गर्न नगरपालिकालाई सुझाव दिने,

(ग) नगरपालिकाभित्र सञ्चालित बालबालिका सम्बन्धी कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्ने,

(घ) नगरपालिकाभित्र हुन सक्ने बाल विवाह, बाल श्रम, शारीरिक तथा मानसिक पीडा वा तनाव, बालबालिका विरुद्धको हिंसा र बाल यौन दुर्व्यवहारको रोकथाम, निषेध र नियन्त्रण, सडक बालबालिकाको उद्धार, संरक्षण, राहत, पुनःस्थापना, र व्यवस्थापन लगायत विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको हक, हित र अधिकार संरक्षण र सम्वर्धन तथा वैकल्पिक हेरचाहको व्यवस्थापनमा समन्वय, सहयोग, सहजीकरण र सहकार्य गर्ने,

(ङ) नगरपालिकाभित्रका वडा, विद्यालय, टोल, समुदाय, घर तथा परिवारलाई बालमैत्री बनाउने । नेपाल सरकारले तोकेको बालमैत्री स्थानीय शासनका सूचकहरु लागू गरी बालमैत्री विद्यालय, बालमैत्री वडा, बालमैत्री स्थानीय तह अवलम्बन गरी घोषणाका लागि आवश्यक पहल गर्ने,

(च) नगरपालिकाभित्रका भौतिक संरचनालाई बालमैत्री र अपाङ्गतामैत्री बनाउन आवश्यक मापदण्ड तर्जुमा गरी लागू गर्न स्थानीय सरकारलाई सुझाव दिने,

(छ) बाल अधिकार संरक्षण, संवर्द्धन तथा प्रवर्द्धन गर्ने सम्बन्धमा सरोकारवालाको क्षमता अभिवृद्धि गर्ने गराउने कार्यहरु गर्ने,

(ज) जोखिममा परेका बालबालिकाको उद्धार, राहत, संरक्षण तथा व्यवस्थापन गर्ने,

(झ) बालबालिका सम्बन्धी भए/गरेका कार्यहरू र बालबालिका तथा बाल अधिकारको अवस्था समेट्ने गरी नगरपालिकाको स्वीकृतिमा बालबालिका सम्बन्धी वार्षिक नगरपालिका प्रतिवेदन प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र सार्वजनिक गर्ने, वेवसाइटमा राख्ने र सोको एक/एक प्रति प्रदेश बाल अधिकार समिति, बालबालिकाको विषय हेर्ने प्रदेश मन्त्रालय, परिषद् र मन्त्रालयमा पठाउने,

(ञ) बालबालिका सम्बन्धी नगरस्तरीय तथ्याङ्क विवरण सङ्कलन, अभिलेखीकरण, अद्यावधिक गरी सूचना प्रणालीको विकास, सञ्चालन, व्यवस्थापन र सुदृढीकरणमा नगरपालिकालाई सहयोग गर्ने,

(ट) विशेष संरक्षणको आवश्यकता भएका तथा अनाथ बालबालिकालाई धर्मपुत्र धर्मपुत्री लिन दिन, संरक्षक नियुक्त गर्न नगरपालिका र जिल्ला अदालतलाई सहयोग गर्ने ।

१७. **<u>समितिको बैठकः</u> नगर** बाल अधिकार समितिको बैठक सम्बन्धी व्यवस्था समितिले निर्धारण गरे बमोजिम हुनेछ।

१८. **<u>उपसमिति वा कार्यटोली गठन गर्न सक्नेः</u>** (१) समितिले आफूले गर्नु पर्ने कुनै काम सुचारु रुपले सञ्चालन गर्नको निमित्त बाल विशेषज्ञ वा बाल मनोविज्ञ, समाज सेवी, सामाजिक कार्यकर्ता, शिक्षक, चिकित्सक, बाल सञ्जाल वा बाल क्लबका प्रतिनिधि तथा बाल अधिकारकर्मीहरु मध्ये आवश्यकता अनुसार समावेश हुने गरी निश्चित अवधिका लागि बढीमा तीन सदस्यीय उपसमिति वा कार्यटोली गठन गरी परिचालन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने उपसमिति वा कार्य टोलीको काम, कर्तव्य र अधिकार,

समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) उपदफा (१) बमोजिम गठन गरिने उपसमितिलाई बाल बचाउ, बाल संरक्षण, बाल विकास र बाल सहभागिता सम्बन्धी कार्य गर्न गराउन दीर्घकालीन जिम्मेवारी तोक्न सकिनेछ ।

१९. **<u>वडा बाल अधिकार समिति गठन गर्न सक्नेः</u>** (१)नगरपालिकाले प्रत्येक वडामा देहायबमोजिमको वडा बाल अधिकार समिति गठन गर्न सक्नेछः

(क) संयोजकः वडा अध्यक्ष १जना
(ख) सदस्यः वडा समिति सदस्य मध्ये १ जना
(ग) सदस्यः वडामा रहेका विद्यालयका शिक्षकहरुमध्ये १जना
(घ) सदस्यः महिला स्वास्थ्य स्वयंसेविकाहरुमध्येबाट १जना
(ङ) सम्बन्धित वडामा बालअधिकारको क्षेत्रमा कार्यरत गैरसरकारी संस्थाहरुमध्येबाट २जना
(च) सदस्यः नगर शिक्षा समितिबाट १ जना
(छ) सदस्यः सम्बन्धित वडाको बालक्लव संजालबाट १जना
(ज) सदस्यः सम्बन्धित वडामा रहेको प्रहरी कार्यालयको प्रमुख
(झ) सदस्यः नगर बाल अधिकार समितिका सदस्यहरुमध्ये १ जना
(ञ) सदस्य सचिवः सम्बन्धित वडामा बालबालिकाको विषय हेर्ने कर्मचारी।

(२) उपदफा १ बमोजिमको समिति गठन गर्दा स्थानीय आवश्यकताका आधारमा सदस्य संख्यामा थपघट गरी प्रभावकारी वडा बाल अधिकार समिति गठन गर्न सक्नेछ। यसरी गठन गरिने वडा बाल अधिकार समितिको काम, कर्तव्य र अधिकार तथा बैठक सम्बन्धी कार्यविधि वडा समितिले निर्धारण गरे बमोजि हुनेछ ।

## परिच्छेद -८

## नगर बाल कोषको स्थापना, सञ्चालन तथा व्यवस्थापन

२०. **नगर <u>बाल कोषको स्थापनाः</u>** (१) ऐनको दफा ६३ को उपदफा (१) र (४) बमोजिमको कार्य प्रयोजनको लागि एक नगर बाल कोष रहनेछ।

(२) उपदफा (१) बमोजिमको बाल कोषमा देहाय बमोजिमका रकमहरू रहनेछन्ः-

(क) नगरपालिकाबाट वार्षिक रूपमा विनियोजित बजेट,

(ख) संघ संस्थाबाट प्राप्त हुने सहायता,

(ग) निजी व्यवसाय तथा व्यक्तिहरूबाट प्राप्त हुने आर्थिक सहायता,

(घ) नगरपालिका न्यायिक समितिबाट बालबालिका विरूद्ध हिंसाका घटनामा गरिएको जरिवानाबाट प्राप्त हुन सक्ने रकम,

(ङ) बाल अधिकारको संरक्षण तथा सम्वर्धनका लागि संघ तथा प्रदेश सरकारबाट प्राप्त रकम,

(च) अन्य स्रोत ।

**स्पष्टीकरणः** वैदेशिक सहयोग रकम वा विदेशी संस्थाबाट बाल कोषमा रकम जम्मा गर्दा नेपाल सरकार अर्थ मन्त्राय वा स्थानीय कानूनमा तोके बमोजिमको निकायको स्वीकृति लिनु पर्नेछ ।

२१.**बाल कोष सञ्चालक समितिः** (१) बाल कोष सञ्चालनका लागि देहाय बमोजिमको संयोजक र सदस्य रहेको एक नगर बाल कोष सञ्चालक समिति रहनेछः-

| | | |
|---|---|---|
| (क) | नगर उपप्रमुख | संयोजक |
| (ख) | प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |
| (ग) | आर्थिक प्रशासन शाखा प्रमुख | - सदस्य |
| (घ) | नगर बाल अधिकार समितिका सदस्यमध्ये समितिले तोकेको १ जना | –सदस्य |
| (ङ) | बाल कल्याण अधिकारी | -सदस्य-सचिव |

(२) उपदफा (१) बमोजिमको समितिको बैठकमा आवश्यकतानुसार सम्बन्धित सरोकारवालालाई आमन्त्रण गर्न सकिनेछ ।

२२.**बाल कोष सञ्चालक समितिको काम, कर्तव्य र अधिकारः** बाल कोष सञ्चालक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ-

(क) नगरपालिकाभित्र आपत्कालीन अवस्थामा रहेका बालबालिकाको उद्धार संरक्षणका लागि स्थापना भै सञ्चालनमा रहेका नगर बाल संरक्षण समिति र वडा बाल संरक्षण समिति लगायतका नाममा रहेका बाल कोषहरुको रकम खोजी गरी यस कार्यविधि बमोजिम बनेको बाल कोषमा जम्मा गर्ने गराउने,

(ख) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको उद्धार गर्ने, स्वास्थ्योपचार गर्ने, पुनर्स्थापन गर्ने तथा त्यस्ता बालबालिकालाई राहत दिने सम्बन्धमा आवश्यक कार्यक्रम तर्जुमा गर्ने,

(ग) सहयोगको आवश्यकता भएका बालबालिकालाई दफा २४ बमोजिमको बाल कोषको प्रयोग र दफा २५ बमोजिमको खर्चको सीमाको आधारमा सहयोग गर्नेः-

(घ) बाल कोष वृद्धिको लागि स्रोतको खोजी गर्ने।

२३. **बाल कोष सञ्चालक समितिको बैठकः** बाल कोष सञ्चालक समितिको बैठक सम्बन्धी व्यवस्था सञ्चालक समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

२४.**बाल कोषको प्रयोगः** बाल कोषको प्रयोग देहाय बमोजिमको प्रयोजनको लागि गरिनेछः-

(क)विशेष संरक्षणको आवश्यकता भएका तथा जोखिममा रहेका बालबालिकाको उद्धार, राहत, अस्थायी संरक्षण सेवा, पारिवारिक पुनर्मिलन तथा पुनःस्थापना, मनोसामाजिक विमर्श, स्वास्थ्य उपचार, कानूनी उपचार, र छात्रवृत्ति जस्ता सेवा प्रदान गर्न,

(ख)अदालतको आदेशानुसार नगरपालिकाभित्रका बालबालिकालाई क्षतिपूर्ति दिन र बालबालिकाको हक हित सम्बन्धमा कोष सञ्चालक समितिले तोके बमोजिमको अन्य काम गर्न गराउन ।

२५.**<u>बाल कोष रकमको खर्च सीमाः</u>** (१) बाल कोषको रकम देहायको अवस्था र सीमाभित्र रही कोष सञ्चालक समितिको निर्णयबाट खर्च गर्न सकिनेछः-

(क) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकालाई घर फिर्ती तथा स्वास्थ्य उपचार सेवाका लागि वार्षिक एक पटक अधिकतम रू.१२ हजारसम्म,

(ख) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको तत्कालिन बास व्यवस्थापन, मनोविमर्श, यातायात तथा कानूनी सहायतामा लाग्ने खर्च वार्षिक अधिकतम रू. २४ हजारसम्म,

(ग) विशेष संरक्षणको आवश्यकता भएका र तत्काल सहयोगको आवश्यकता भएका बालबालिकाका लागि तत्काल राहत, शैक्षिक सहयोग, स्वास्थ्य सेवा एवम् सामाजिक संरक्षण वापत वार्षिक एक पटक अधिकतम प्रति बालबालिका रू. ९ हजारसम्म,

(घ) अदालतले तोकेको क्षतिपूर्ति पीडकबाट प्राप्त गर्न सक्ने अवस्था नभएको खण्डमा अदालतको आदेशानुसार तोकेको क्षतिपूर्ति रकम,

(ङ) माथि खण्ड (क) देखि खण्ड (घ) सम्म उल्लेख भएका बाहेक विशेष संरक्षणको आवश्यकता भएका तथा जोखिममा परेका बालबालिकाको संरक्षणका लागि सहयोग रकमको सीमा कोष सञ्चालक समितिले निर्धारण गरे बमोजिम हुनेछ।

(२) बाल कोषको रकम तालीम, गोष्ठी,, भ्रमण, अनुगमन, प्रशासनिक कार्य, बैठक भत्ता र

सचेतना मूलक जस्ता कार्यक्रममा खर्च गर्न पाइने छैन।

२६.**<u>बाल कोषको खाता सञ्चालनः</u>** (१) बाल कोषको खाता सञ्चालक समितिको निर्णयले कोष तथा लेखा नियन्त्रक कार्यालयको सहमतिमा नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त पायक पर्ने क वर्गको बैंकमा खाता खोली सञ्चालन गरिनेछ ।

(२) उपदफा १ बमोजिमको खाता सञ्चालन प्रमुख प्रशासकीय अधिकृत वा प्रमुख प्रशासकीय अधिकृतले तोकेको बाल कल्याण अधिकारी वा अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतमा सञ्चालन गरिनेछ।

(३) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि बाल कोषको रकम खर्च नभइ आर्थिक वर्षको अन्त्यमा बाँकी रहेमा त्यस्तो रकम फ्रिज हुने छैन।

२७. **<u>बाल कोषको लेखा र लेखापरीक्षणः</u>** (१) बाल कोषको आय व्ययको लेखा नेपाल सरकारले अपनाएको लेखा प्रणाली बमोजिम राखिनेछ।

(२)बाल कोषको आन्तरिक लेखापरीक्षण नगरपालिकाबाट हुनेछ भने अन्तिम लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ।

## परिच्छेद -९
## विविध

२८.**प्रोत्साहन पुरस्कारको व्यवस्था:** बाल अधिकारको संरक्षण तथा सम्वर्धन र प्रवर्धन कार्यमा उल्लेखनीय योगदान दिने व्यक्ति, बाल क्लब, बाल सञ्जाल, बाल संस्था तथा संघ संस्थालाई नगरपालिकाले उचित पुरस्कार प्रदान गर्न सक्नेछ।

२९.**व्याख्या गर्ने वा वाधा अड्काउ फुकाउने अधिकारः** कार्यविधिको कार्यान्वयनको सिलसिलामा कुनै द्विविधा हुन गएमा सोको व्याख्या वा बाधा अड्काउ फुकाउने अधिकार नगरपालिकाको कार्यपालिकालाई हुनेछ।

३०.**संशोधन गर्न सक्नेः** यस कार्यविधिलाई नगर कार्यपालिकाले आवश्यक संशोधन गर्न सक्नेछ।

३१.**यसै कार्यविधि बमोजिम भए गरेको मानिनेः** नगरपालिकाले यो कार्यविधि लागू हुनुभन्दा अघि गरेका बालबालिका सम्बन्धी कार्यहरू यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ। यस कार्यविधिमा उल्लेख नभएका प्रक्रियाहरू अवलम्वन गर्दा बालबालिका सम्बन्धी प्रचलित नेपाल सरकार तथा प्रदेश सरकारको कानूनमा भएको बाल अधिकार संरक्षण, सम्बर्धन र प्रवर्धनका प्रक्रियाहरू अवलम्वन गर्न कुनै बाधा पर्ने छैन।

३२.**खारेजी तथा बचाउः** बालबालिका सम्बन्धी प्रचलित नेपाल सरकार तथा प्रदेश सरकारको कानूनसँग यो कार्यविधि बाझिन गएमा बाझिएको हदसम्म अमान्य हुनेछ । तर यो कार्यविधि लागू हुनुभन्दा अघि सम्पन्न भइसकेका काम कारबाहीहरु यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

## अनुसूची -१
## दफा १४ को उपदफा ३ सँग सम्बन्धित
### बाल क्लब/बाल सञ्जाल/बाल संस्था दर्ताको निवेदन ढाँचा

मितिः

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,

**……**पालिका

कार्यपालिकाको कार्यालय

……………………………….।

**विषयः- बाल क्लब/ बाल सञ्जाल/बाल संस्था दर्ता गरी पाऊ ।**

महोदय,

हामीले …………………………………… नामको /बाल क्लब/बाल सञ्जाल/बाल संस्था खोल्न चाहेकोले बालबालिका सम्बन्धी नियमावली, २०७८ को नियम ३ को उपनियम (५)बमोजिम /बाल क्लब/बाल सञ्जाल/बाल संस्था दर्ता गर्नको लागि देहायको विवरण खोली निवेदन पेश गरेका छौं ।

**संलग्न गरिएका कागजातहरु**

१. प्रस्तावित बाल क्लब, बाल सञ्चाल वा बाल संस्थाको विधान,

२. प्रस्तावित बाल क्लब, बाल सञ्चाल वा बाल संस्था खोल्ने सम्बन्धमा भएको छलफल एवम् निर्णयको प्रतिलिपि,

३. बाल क्लबमा आवद्ध सदस्य तथा पद सम्बन्धी विवरण,

४. बाल क्लब वा संस्था दर्ता गर्न चाहने बालबालिकाको नाम थर, उमेर, अध्ययन गरिरहेको कक्षा, ठेगाना र जन्मदर्ताको प्रमाणपत्रको प्रतिलिपि वा अध्ययनरत विद्यालय वा आश्रित बाल गृहको सिफारिस पत्र,

५. बाल क्लब वा संस्थाको उद्देश्य तथा सो मार्फत गर्न चाहेका मुख्य कामको विवरण,

६. बाल क्लब वा संस्थाको सदस्यताको किसिम, सदस्यता लिने प्रक्रिया तथा कार्यसमितिमा रहने पदहरूको विवरण तथा निर्वाचित हुने प्रक्रिया र अवधि सम्बन्धी विवरण।

निवेदक

अध्यक्ष

**अनुसूची -२**

## दफा १४ को उपदफा ४ सँग सम्बन्धित

**बाल क्लब/बाल सञ्जाल/बाल संस्था दर्ता प्रमाणपत्र**

# फलेवास नगरपालिका
# पर्वत जिल्ला
# गण्डकी प्रदेश

**दर्ता प्रमाण-पत्र**

दर्ता नं. मितिः

श्री......................................./बाल क्लब/बाल सञ्जाल/बाल संस्था

ठेगाना .......... ।

.................... जिल्ला ...........................पालिका ...... नं. वडाको ...................... विद्यालय/समुदायमा गठन गरिएको .......................संस्था/बाल क्लब/बाल सञ्जाल/बाल संस्थालाई यस .......................... पालिकामा दर्ता गरी बाल अधिकार संरक्षण, सम्वर्धन तथा प्रवर्धनका लागि बालबालिका सम्बन्धी नियमावली, २०७८ को नियम ३ को उपनियम (६)अनुसार यो दर्ता प्रमाण-पत्र प्रदान गरिएको छ ।

बाल अधिकार संरक्षण, सम्वर्द्धन तथा प्रवर्धन कार्यमा नेपालको संविधान, बाल अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि १९८९, बालबालिका सम्बन्धी ऐन, २०७५ तथा यसको नियमावली लगायत बालबालिका सम्बन्धी विद्यमान कानूनहरुको अधीनमा रही बाल अधिकार संरक्षण, सम्वर्धन र प्रवर्धर्न गर्ने अभियानमा सक्रिय सहभागिताको अपेक्षा गरिएको छ।

दस्तखतः

नाम :

पद :

## अनुसूची -३

# दफा १४ को उपदफा ५ सँग सम्बन्धित

**बाल क्लब/बाल सञ्जाल/बाल संस्था नवीकरणको निवेदन ढाँचा**

मितिः

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,
................................. पालिका
नगरकार्यपालिकाको कार्यालय
................................. ।

**विषयः- बाल क्लब/बाल सञ्जाल/बाल संस्था नवीकरण गरी पाऊ ।**

महोदय,

................ जिल्ला ..................................पालिका ....... नं. वडा .......... स्थित .............................विद्यालय/समुदायमा आधारित हाम्रो .................................. नामको /बाल क्लब/बाल सञ्जाल/बाल संस्था ...................... पालिकामा बालबालिका सम्बन्धी नियमावली, २०७८ को नियम ३ को उपनियम (६) बमोजिम मिति..................मा दर्ता भै क्रियाशील रहदै आएको छ । हाम्रो दर्ता नं........रहेको छ । यस सिलसिलामा बालबालिका सम्बन्धी नियमावली, २०७८ को नियम ४ को उपनियम (१) बमोजियो /बाल क्लब/बाल सञ्जाल/बाल संस्था नवीकरण गर्नको लागि देहायको विवरण खोली निवेदन पेश गरेका छौं ।

हाम्रो यो/बाल क्लब/बाल सञ्जाल/बाल संस्थाले वर्षभरी सम्पन्न गरेका मुख्य क्रियाकलापहरुको संक्षिप्त विवरण, यस/बाल क्लब/बाल सञ्जाल/बाल संस्थामा हाल कार्यरत रहेका सदस्यहरु तथा कार्य समितिमा रहेका पदाधिकारीहरुको विवरण यसैसाथ संलग्न गरिएको छ ।

संलग्न कागजातहरुः

१. आर्थिक वर्षमा गरेको मुख्य काम वा क्रियाकलापको संक्षिप्त विवरण,

२. कार्य समिति सदस्य हेरफेर भएको विवरण (यदि हेरफेर भएको छ भने मात्र)

निवेदक

अध्यक्ष

## अनुसूची -४

## दफा १४ को उपदफा ६ सँग सम्बन्धित

**बाल क्लब/बाल सञ्जाल/बाल संस्थाको दर्ता किताव**

**......... ....नगरपालिका**

**........... जिल्ला**

**......... प्रदेश**

| क्र.सं. | बाल क्लब/बाल सञ्जाल/बाल संस्थाको नाम | ठेगाना | सदस्य सङ्ख्या | | संरक्षकको नाम | स्थापना मिति | दर्ता नं. र मिति | सम्पर्क नं. | प्रमाणपत्र वुझ्नेको नाम | प्रमाणित गर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | बालक | बलिका | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

## अनुसूची -५

दफा १४ को उपदफा ७ सँग सम्बन्धित

**बाल क्लब/बाल सञ्जाल/ बाल संस्था नवीकरणको दर्ता किताव**

**......... ....नगरपालिका**

**........... जिल्ला**

**......... प्रदेश**

| क्र. सं. | बाल क्लब/बाल सञ्जाल/बाल संस्थाको नाम | ठेगाना | सदस्य सङ्ख्या | | संरक्षक को नाम | स्थापना मिति | दर्ता नं. र मिति | सम्पर्क नं. | नवीकरण मिति | प्रमाणित गर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | बालक | बलिका | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

**अनुसुची -६**

## दफा १४ को उपदफा ८ सँग सम्बन्धित

**स्थानीय बाल अधिकार समिति तथा न्यायिक समितिमा उजुरी दिने निवेदनको ढाँचा**

मिति ......................

श्री ................................. नगर बाल अधिकार समिति
............................., नगरपालिका ।

**विषयः- उजुरी सम्बन्धमा ।**

१. विद्यार्थीको नाम थर ...........................................(आफूलाई नाम थर लेख्न मन नलागेमा नलेख्दा पनि हुने)

२. कक्षा.................. (आफूलाई कक्षा लेख्न मन नलागेमा नलेख्दा हुने)

३. विद्यालयको नाम ...................................................................

४. उमेर ..........................

५. लिङ्ग ................

६. गुनासो तथा घटनाको संक्षिप्त विवरण .......................................................................

................................ ............................ .................................................

७. घटना घटाउने व्यक्ति .................................................................

८. घटनाको प्रकृति ...............................................................................

९. घटना वा समस्या नयाँ हो वा दोहोरिएको हो ................................

१०. घटना वा समस्या समाधानका सम्भावित उपायहहरू के हुन सक्दछन?

.......................................................................................................................................................................
.......................................................................................................................................................................

निवेदकको दस्तखत

## अनुसूची -७

## दफा २ को खण्ड ण सँग सम्बन्धित

**विशेष संरक्षणको आवश्यकता भएका बालबालिका**

(१) अनाथ बालबालिका,
(२) अस्पतालमा बेवारीस अवस्थामा छोडिएका बालबालिका,
(३) कुनै सार्वजनिक स्थानमा बेवारीस अवस्थामा छोडिएका बालबालिका,
(४! बेवारीस फेला परेका बालबालिका,
(५) बाबुआमाबाट अलग्गिएका बालबालिका,
(६) बाबुआमा पत्ता नलागी बेवारीस भएका बालबालिका,
(७) बाबुआमालाई गम्भीर शारीरिक वा मानसिक अपाङ्गता वा अशक्तता भएको कारण उचित हेरचाह नपाएका बालबालिका,
(८) कानूनी विवादमा परेका बालबालिकामध्ये दिशान्तर प्रक्रिया अन्तर्गत वैकल्पिक हेरचाहको लागि सिफारिस भएका बालबालिका,
(९) थुनामा रहेका वा बन्दी बाबु वा आमासँग आश्रित भई कारागारमा रहेका बालबालिका,
(१०) जबरजस्ती करणी वा कानून बमोजिम सजाय हुने हाडनाताबाट जन्मिएको शिशुलाई आफूले पालनपोषण गर्न नसक्ने भनी बाल कल्याण अधिकारी समक्ष निवेदन परेका बालबालिका,
(११) बाबु, आमा वा अभिभावकबाट दुर्व्यवहार, हिंसा वा बेवास्ता भएको कारणले बालबालिकाको उच्चतम हितको लागि परिवारबाट अलग गरिएका बालबालिका,
(१२) जबरजस्ती वा बँधुवा प्रकृतिका वा जोखिमपूर्ण वा निकृष्ट प्रकृतिको वा प्रचलित कानून विपरीत श्रममा संलग्न भई जीवनयापन गरिरहेका बालबालिका,
(१३) धूमपान, मद्यपान एवं अन्य लागूऔषधको कूलतमा फसेका, एच.आई.भी. सङ्क्रमित बालबालिका,
(१४) गम्भीर शारीरिक वा मानसिक स्वास्थ्य समस्या वा गम्भीर अपाङ्गता भएको कारण जीवन जोखिममा रही बाबुआमा वा परिवारबाट उपचारको व्यवस्था हुन नसकेको बालबालिका,
(१५) सामान्य जीवनयापन गर्न कठिनाइ भएका बालबालिका,
(१६) बालबालिका विरुद्धको कसूरबाट पीडित भएका वा त्यस्तो जोखिममा रहेका बालबालिका,
(१७) विपद् वा सशस्त्र द्वन्द्वका कारणले बाबुआमा दुवै वा आमा बाबुमध्ये एक गुमाएका बालबालिका,
(१८) बाबुआमा दुवै वा आमा बाबुमध्ये एक बेपत्ता भएका बालबालिका,
(१९) आफै शारीरिक वा मानसिक रूपमा घाइते भएका बालबालिका,
(२०) अपाङ्गता भएका बालबालिका,
(२१) विपन्न दलित समुदायका बालबालिका,
(२२) नेपाल सरकार, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी विशेष संरक्षणको आवश्यकता भएका बालबालिका भनी तोकेका अन्य बालबालिका ।

आज्ञाले,
जीवन ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत